# स्थानीय राजपत्र

**तानसेन नगरपालिकाद्वारा प्रकाशित**

खण्ड १) तानसेन, चैत्र महिना २९ गते २०७४ साल (संख्या १२)

भाग : २

तानसेन नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम तानसेन नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत २०७४ सालको कार्यविधि नं. १२

कार्यविधिको नाम : तानसेन नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४

**प्रस्तावना :**

स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण्ण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, इमान्दारिता, जवाफदेहीता, विश्वसनीयता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी तानसेन नगरपालिकाले यो कार्यविधि जारी गरेको छ।

१. **इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुँने :**
   प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन।

२. **नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :**
   (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको

लागि यस तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल इन्जिनीयर/सव इन्जिनीयर सहित सदस्य भएको समितिवाट जाँचवुझ्र गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको वैठकमा पेश गर्नु पर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

३. **इजाजतपत्रको अवधि र नवीकरण** :

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरिसकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित तानसेन नगरपालिकामा अनुसूची-२ वमोजिमको दस्तुर नवीकरण गराउनु पर्नेछ । इजाजत पत्र नवीकरण गर्न तानसेन नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पासवुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफूले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ वमोजिमको पासवुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नवीकरण गर्न नगरपालिका वाध्य हुने छैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिना भित्र सबै प्रकृया पूरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृत वा नीजले अधिकार प्रत्यायोजन गरेको अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

**४. नामसारी/फर्मको नाम परिवर्तन/ठेगाना परिवर्तन सम्बन्धी व्यवस्था :**

देहायको अवस्थामा नामसारी/फर्मको नाम परिर्वतन/ठेगाना परिवर्तन गर्न सकिनेछ ।

(क) विक्रि नामा कागज, निर्माण व्यवसायी संघको सिफारिस, उद्योग विकास शाखाले नामसारी गरी दिएको प्रमाण-पत्र, नागरिकताको प्रमाण-पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण-पत्र संलग्न राखी प्राप्त भएको निवेदन उपर अध्ययन गरी एक व्यक्तिको नाममा दर्ता भएको इजाजत पत्र अर्को व्यक्तिमा रु. ५०००।- नामसारी दस्तुर लिइ प्रमुख प्रशासकीय अधिकृत वा नीजले अधिकार प्रत्यायोजन गरेको अधिकृतले इजाजतपत्र नामसारी गर्न सक्ने छ ।

(ख) निर्माण व्यवसायी संघको सिफारिस, उद्योग विकास शाखाले फर्मको नाम परिवर्तन गरी दिएको प्रमाणपत्र, नागरिकताको प्रमाण-पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण-पत्र र विक्रिनामा कागज संलग्न राखी निवेदन दिएमा फर्मको नाम/ठेगाना वा दुवै (एक मात्र भए रु. ७०००।-, दुवै भए रु. १००००।-) दस्तुर लिइ प्रमुख प्रशासकीय अधिकृत वा नीजले अधिकार प्रत्यायोजन गरेको अधिकृतले इजाजतपत्रमा फर्मको नाम/ठेगाना परिवर्तन गर्न सक्ने छ ।

**५. इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा तानसेन नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्टा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्टा विवरण पेश गरेको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसँग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भीर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखिआएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाबाट त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

६. **इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :**
कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि प्राप्त गर्न निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

७. **प्रचलित कानून बमोजिम हुने :**
यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

८. **बचाउ :**
यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरूलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

## अनुसूची-१

**कार्यविधिको दफा २ को उपदफा (१) सँग सम्बन्धित**
**इजाजतपत्रको लागि दिईने दरखास्त**

दरखास्त
वालाको
फोटो

**विषयः इजाजतपत्र पाउँ भन्ने बारे ।**

श्री तानसेन नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा

यस तानसेन नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको तानसेन नगरपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१.दरखास्त पेश गर्ने फर्म वा कम्पनीको:-
नामः
ठेगानाः
पोष्टबक्स :
टेलिफोन : फ्याक्सः ईमेलः

२.फर्म वा कम्पनीको प्रकृतिः
प्राइभेट लिमिटेड कम्पनी पब्लिक लिमिटेड कम्पनी
एकलौटी साझेदारी
(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३.सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको :-
नामः
ठेगानाः
पोष्टबक्स :
टेलिफोन : फ्याक्सः ईमेलः

४. फर्म वा कम्पनीको विवरण
दर्ता नं. : दर्ता मिति :
अधिकृत पुँजी : जारी पुँजी -
दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

५. इजाजतपत्र लिन चाहेको वर्ग :-

६. समूहीकरण हुन चाहेको समूहः

७. आर्थिक श्रोतको विवरणः-

| विवरण | रकम रु. | वित्तिय संस्था/बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण:

(क) प्राविधिक :

(ख) अप्राविधिक :

(ग) अन्य :

प्राविधिक कर्मचारीको प्रमाणपत्र को प्रतिलिपी तथा नीजको मञ्जुरीनामा पेश गर्नु पर्नेछ ।

९. आफ्नो स्वामीत्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेसिनरी औजारको विवरण:

| **सि.नं.** | **नाम तथा विवरण** | **दर्ता नं.** | **क्षमता संख्या** | **मूल्य** | **खरिद मिति** | **अन्य व्यहोरा** |
|---|---|---|---|---|---|---|
| | | | | | | |

द्रष्टव्य: यस विवरणमा उल्लेखित सवारी साधन तथा मेसिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाण-पत्र) र उक्त मेसिनरी औजारहरु चालू हालतमा रहेको छ भनी मेकानिकल इन्जिनियरद्वारा प्रमाणित हुनु पर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :

| **सि.नं.** | **निर्माण सम्बन्धी कामको प्रकृति** | **काम गरेको साल** | **रकम** | **ठेक्कादाता कार्यालयको नाम** | **कामको अवस्था (प्रगति प्रतिशत)** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. कर चुक्ता गरेको प्रमाण कागजात:

(क)

(ख)

(ग)

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

दरखास्तवालाको :
दस्तखत:
मिति :

द्रष्टव्य:- यस दरखास्त फाराम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धीत कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

## अनुसूची-२
## कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित

| क्र. सं. | निर्माण व्यवसायी को वर्ग | इजाजत पत्र दस्तुर | इजाजतपत्र नवीकरण दस्तुर | इजाजतपत्र नवीकरण थप दस्तुर | ईजाजत पत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | २५००० | २००० | ४००० | ५०० |
| | | | | | |

द्रष्टव्यः 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ बमोजिमको दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र इजाजतपत्र नवीकरण गराउँदा इजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लेखित दस्तुर मात्र तिर्नुपर्नेछ।

**अनुसूची-३**
**कार्यविधिको दफा २ को उपदफा (४) सँग सम्बन्धित**
**इजाजत पत्र**

**तानसेन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तानसेन, पाल्पा**
**५ नं. प्रदेश**

**ईजाजत पत्र**

इजाजत पत्र नं. ……………… मितिः …………………

“घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न …………… ……………………………………………………… स्थित कार्यालय भएको ……………………………… ………………………………… फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरीएको छ ।

इजाजतपत्र दिनेको
दस्तखतः
नामः
पदः
मितिः
कार्यालयः

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने)

नवीकरणः

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर रसिद नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**अनुसूची-४**

निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क्र.स. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदी भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम<br>...........<br>ख)सम्झौता मिति<br>.............<br>ग) ठेक्का अवधि<br>............. | क) नाम<br>.............<br>ख) पद<br>...........<br>ग) हस्ताक्षर<br>............<br>घ) छाप<br>............. | क) थप समय<br>.........<br>क) नाम<br>...........<br>ख पद<br>..........<br>ग) हस्ताक्षर<br>..........<br>घ) निर्माण मिति<br>छाप | क) Variation पछिको Contract Amount<br>............<br>ख) Variation को निर्णय गर्ने पदाधीरीको नाम<br>............<br>ख) पद<br>............<br>ग) हस्ताक्षर<br>............<br>घ) छाप<br>............ | क) सम्पन्न रकम<br>.........<br>ख) सम्पन्न मिति<br>.........<br>ग)सम्पन्न %<br>.........<br>घ) नाम<br>.........<br>पद<br>हस्ताक्षर<br>.........<br>छाप<br>......... | क) अन्तिम ठेक्का रकम<br>.......<br>ख) सम्पन्न मिति<br>........<br>ग) नाम<br>.......<br>पद<br>हस्ताक्षर<br>........<br>छाप<br>........ | |

## अनुसूची-५
## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. **आर्थिक क्षमता :** प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालू पुँजी देखाइ उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. **मुख्य जनशक्ति विवरण :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनीक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

**३. मेसीन र उपकरण :**

(क) ट्रिपर/ट्र्याक्टर (एक/एक थान)

(ख) मिक्सर (एक थान)

(ग) Theodolite/Level Machine (एक सेट)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन थान)

***द्रष्टव्य :***

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाण-पत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल इन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल इन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल इन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

प्रमाणीकरण मिति २०७४।१२।२९

आज्ञाले
(जीवन ज्ञवाली)
प्रमुख प्रशासकीय अधिकृत